नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस विज्ञप्ति

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीको संयोजकत्वमा मिति २०७७।९।२८ मा, केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको बैठक बस्यो । समितिले बर्तमान सन्दर्भमा सेवा प्रवाहमा सुधार, बिद्यमान आपूर्ति ब्यबस्थाको स्थिति समीक्षा, बजार अनुगमनको प्रभावकारिता र राष्ट्रिय महत्वका आयोजना लगायत विकास निर्माण कार्यहरुमा पहिचान गरिएका समस्याको समाधानसहित कार्यान्वयनलाई प्रभावकारी बनाउने बिषयमा बिस्तृत छलफल गरी विभिन्न निर्णयहरु लिएको छ ।

१. सर्बसाधारण जनताले प्रयोग गर्ने बस्तुहरु निर्दिष्ट मापदण्ड तथा गुणस्तर बमोजिम उचित मूल्यमा बजारमा बिक्री वितरण भए नभएको बिषयमा गरिने बजार अनुगमनलाई थप प्रभावकारी बनाउने । यस्तो अनुगमन सम्बन्धित बिषयगत मन्त्रालयहरुको समन्वय, सबै सरोकारवालाहरुको सहयोग र स्थानीय तह समेतको संलग्नता गराई संयुक्त रुपमा गर्नका लागि आबश्यक खाका बाणिज्य तथा आपूर्ति सचिवको संयोजनमा आगामी १५ दिनभित्र तयार गरी समितिको आगामी बैठकमा पेश गर्ने ।
२. सवारी चालक अनुमति पत्र वितरणमा रहेका समस्याहरु पहिचान गरी सर्ब साधारण जनताले बिना झन्झट समयमै त्यस्तो अनुमति पत्र प्राप्त गर्न गरिनुपर्ने सुधारको प्रस्ताव भौतिक पूर्बाधार तथा यातायात मन्त्रालयले १५ दिनभित्र तयार गरी समितिको अर्को बैठकमा पेश गर्ने ।
३. जनशक्तिको कमीका कारणले सेवा प्रवाह गर्ने सरकारी निकायहरुले प्रभावकारी रुपमा सेवा प्रवाह गर्न नसकिरहेको भन्ने बिषय उठेकाले सबै सम्बन्धित मन्त्रालयले आन्तरिक गृहकार्य गरी बिद्यमान जनशक्तिबाटै यसको ब्यवस्थापन गर्ने । जनशक्ति संरचनाको तुलनामा सेवाको माग अत्यधिक बृद्धि भएका वा कार्यबोझ निकै बढेको भए सो को तथ्यगत जानकारी गराउने । यसको समन्वय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने ।

४. पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालयका सचिवहरुले विकास निर्माण कार्य संचालनमा रहेका कानूनी, प्रक्रियागत, वजेट र जनशक्ति ब्यबस्था लगायतका बिषयमा रहेका समस्याहरु र ती समस्या समाधान गर्न गरिनुपर्ने सुधारसम्बन्धी सुझावहरु समितिको अर्को बैठकमा पेश गर्ने ।

५. बिकास कार्यक्रम तथा वजेटको कार्यान्वयन स्थितिको समीक्षा खर्च भैसकेको रकमका अतिरिक्त काम भैसकेको भए पनि बिभिन्न कारणले भुक्तानी हुन नसकेको रकम समेतलाई आधार मानी समीक्षा गर्दा वास्तविकता झल्किने भएकाले यस अनुसार गर्ने ब्यबस्था मिलाउने ।

६. खाद्य सामग्री तथा कृषि मल लगायतका अत्याबश्यक बस्तुहरुको आपूर्ति दुर्गम हिमाली जिल्ला लगायतका स्थानहरुमा समयमै गर्ने ।

उक्त बैठकमा मुख्य सचिव शंकरदास बैरागीले प्रशासनिक जनशक्तिले मनोवल उच्च राखी लगनशील तथा क्रियाशील भई सुम्पिएको जिम्मेवारी निर्बाह गर्ने र सर्बसाधारण जनतालाई प्रवाह हुनुपर्ने सेवाको गुणस्तर र सुलभ पहुँचमा बाधा आउन नदिन र विकास निर्माणका कार्यहरु थप गतिका साथ संचालन गर्ने वातावरण सिर्जना गर्न बैठकमा उपस्थित सचिवहरुलाई निर्देशन दिनुभयो । साथै उहाँले उल्लिखित कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्न आबश्यक समन्वय र सहयोग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गरिने प्रतिबद्धता समेत गर्नुभयो ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, अर्थ, सामान्य प्रशासन, राष्ट्रिय योजना आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भौतिक पूर्वाधार तथा यातायात, उद्योग, वाणिज्य तथा आपूर्ति, खानेपानी, कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय सचिवहरु, राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख एवं स्वास्थ्य तथा जनसंख्या, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय र सहरी विकास मन्त्रालयका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो ।

मिति: २०७७।९।२८

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

**शंकर नेपाल**
**प्रवक्ता एवं सहसचिव**